नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
चाकुपाट, ललितपुर

फोन : 01 ५५२८८६३
फ्याक्स :५५३५५१५
५५२८४२३

पत्र संख्या: आ.प्र.२०७४/०७५
च.नं.: ११३५

मिति:२०७५/०२/२८

**विषय : आ.व. २०७४/२०७५ को प्रतिवेदन सम्बन्धमा**

श्री सडक विभाग (योजना तथा डिजाइन/पुल/संभार/यान्त्रिक/बैदेशिक समन्वयय महाशाखा),
श्री क्षेत्रीय सडक निर्देशनालयहरु(सबै),
श्री उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय,
श्री आयोजना निर्देशनालय(ए.डि.बी.),
श्री सडक सुधार आयोजना(पि.सि.यु),
श्री हुलाकी राजमार्ग निर्देशनालय,
श्री डिभिजन सडक कार्यालयहरु(सबै),
श्री हेभी ईक्विप्मेन्ट डिभिजन/यान्त्रिक कार्यालयहरु(सबै),
श्री योजना/आयोजना कार्यालयहरु(सबै)।

उपरोक्त सम्बन्धमा आर्थिक वर्ष २०७४/२०७५ को वार्षिक कार्यक्रम सम्पन्न हुन गइरहेको सन्दर्भमा सबै कार्यालयहरूले आ-आफ्नो आम्दानी र खर्चको हिसाब वास्तविक एवं विश्वसनिय बनाई तपसिल बमोजिमका बुँदाहरुमा ध्यान दिई समयमै प्रतिवेदन गर्नु,गराउनु हुन अनुरोध छ।

*तपसिल:*

१. थप बजेट माग तथा कार्यक्रम संशोधन २०७५ जेठ मसान्त भित्र पेश गरी सक्ने।
२. २०७५ जेठ सम्मको राजस्व, विनियोजन र धरौटीको श्रेस्ता LMBIS र FMIS सँग मिलान गर्ने फरक भएमा LMBIS सँग मिलाउने गरि पेश गर्ने। कोष तथा लेखा नियन्त्रक कार्यालय सँग समेत हिसाव मिलाउने।
३. २०७५ आषाढ महिनामा कार्यक्रम संसोधन भएमा LMBIS / FMIS सँग भिडान गर्ने र भिडान पछिको श्रेस्ता कोष तथा लेखा नियन्त्रक कार्यालय सँग समेत भिडाउने।
४. स्वीकृत कार्यक्रममा प्राप्त बजेट नियमानुसार भुक्तानी समयमानै गर्ने तथा उक्त भुक्तानी बापतको रकम सम्बन्धीतको खातामा गए नगएको एकिन गरी हिसाब मिलान गर्ने।
५. राजस्व र धरौटी को आ.वि. तयार गर्दा गत आ.व.को नगद बाँकी अल्या यस वर्षको आम्दानी,खर्च र नगद बाँकी भए सोको हिसाब प्रष्ट देखिने गरी मिलान गरी कोष तथा लेखा नियन्त्रक कार्यालय बाट प्रमाणित गराइ पेश गर्ने/गराउने
६. वेरुजु फछ्यौट प्रगती अनिवार्य रुपमा न्युनतम ६०% भन्दा बढी पुऱ्याउने गरी कार्य गर्ने।

(रविन्द्र नाथ श्रेष्ठ)
महानिर्देशक

<u>नोट:</u> यसको **Scanned Copy** विभागको **Website: www.dor.gov.np** को "परिपत्र" भित्र रहेको हुँदा **Download** गरी प्राप्त गर्नु हुनेछ।